कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.१८/०७९/०८० मिति २०८०।०२।३१ गतेको एजेण्डा तथा निर्णयहरू

# छलफल गरिने विषयहरू र निर्णयहरू (Agendas and Decisions)

१. कार्यविधि सम्बन्धमा ।

निर्णयः तपसिलको कार्यविधिहरूमा छलफल गरियो । साथै थप अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

क) आर्थिक सहायता, धर्म सँस्कृति तथा दैवी प्रकोप वितरण सम्बन्धी ऐन, २०८०

ख) कलैया उपमहानगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

२. धारा सम्बन्धमा ।

निर्णयः यस प्रस्ताव माथि छलफल गर्दा मिति २०८०।०२।१६ गते धारा मिस्त्रीको प्रतिवेदन अनुसार तपसिलका वडाहरूमा धारा गाड्दा जमिन मुनि ढुङ्गा रहेकोले उक्त वडाहरूको हकमा खानेपानी तथा खानेपानी संस्थानसँग दररेट माँग गरी प्राविधिकको राय अनुसार गर्ने गराउने निर्णय गरियो ।

तपसिल

| वडा नं. | स्थान | वडा नं. | स्थान |
|---|---|---|---|
| २ | औधापुर र भवानीपुर बाहेक सबै ठाउँमा | २२ | सम्पूर्ण टोलहरू |
| १५ | सम्पूर्ण टोलहरू | २४ | सम्पूर्ण टोलहरू |
| १६ | झिटकैया बाहेक सबै ठाउँमा | २६ | सम्पूर्ण टोलहरू |
| २१ | सम्पूर्ण टोलहरू | २७ | सम्पूर्ण टोलहरू |

३. अष्ट्रेलिया भ्रमण सम्बन्धमा ।

निर्णयः नगर प्रमुखज्यूको अष्ट्रेलियाको भ्रमण तालिका अनुमोदन गर्दै सहमतिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

४. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको व्यक्तिहरूलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

(क) कलैया-२१ का धर्मदिव हजरा दुसाद रुखबाट लडी घाइते भई काठमाण्डौको ट्रमा सेन्टरको आई.सि.यू. बेडमा भर्ना रहेकोले निजको उपचारको लागि निजको भाई गगन देव हजरा दुसादलाई रु.१५,०००।— (पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

(ख) कलैया-२२ को इजराईल मियाको घरमा मिति २०७९-०९-०३ मा आगलागी भई धेरै क्षति भएकोले निजलाई रु.१५,०००।—(पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

५. अनुमोदन सम्बन्धमा ।

निर्णयः राजस्व परामर्श समितिको मिति २०८०।०२।३० गतेको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।